म.ले.प.फाराम नं. ३०१

# बजेट खर्चको अख्तियारी पत्र

पत्र नं -. .

मिति : २०७७/०३/१७

श्री प्रमुख प्रशासकीय अधिकृत
सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालयइलाम । ,
कार्यालय संकेत नं.:८०१०३४०४

**विषय - आ.ब. २०७७/७८ को विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(१), सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७७ को दफा ४(१) तथा सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि तपाईंलाई तपसिल बमोजिम रकम र त्यसमा हुने थपघट समेत सूर्योदय नगरपालिकाको सञ्चित कोषबाट सम्बन्धित बजेट उपशिर्षकमा निकासा गरी नियमानुसार खर्च गर्ने अख्तियारी प्रदान गरिएको छ । प्रचलित कानून अनुसार खर्च गर्न गराउनु, लेखा राखी प्रतिवेदन गर्नु र लेखापरीक्षण समेत गराउनु होला ।

## तपसिल

रकम रु. हजारमा

| क्र. सं. | वजेट उपशिर्षक नं | | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ८०१०३४०४१११ | नगर कार्यपालिकाको कार्यालय | ११८९१२ | ७३०० | | १२६२१२ |
| २ | ८०१०३४०४२०१ | सूर्योदय नगरपालिकावडा नं.१ | ८५० | १५८५२ | | १६७०२ |
| ३ | ८०१०३४०४२०२ | सूर्योदय नगरपालिकावडा नं.२ | १२८५ | १०५३० | | ११८१५ |
| ४ | ८०१०३४०४२०३ | सूर्योदय नगरपालिकावडा नं.३ | १६२५ | ५८५० | | ७४७५ |
| ५ | ८०१०३४०४२०४ | सूर्योदय नगरपालिकावडा नं.४ | १६३१ | १३३५० | | १४९८१ |
| ६ | ८०१०३४०४२०५ | सूर्योदय नगरपालिकावडा नं.५ | १४५० | ११११६ | | १२५६६ |
| ७ | ८०१०३४०४२०६ | सूर्योदय नगरपालिकावडा नं.६ | ९५१ | ५४०० | | ६३५१ |
| ८ | ८०१०३४०४२०७ | सूर्योदय नगरपालिकावडा नं.७ | ९३८ | १०७३५ | | ११६७३ |
| ९ | ८०१०३४०४२०८ | सूर्योदय नगरपालिकावडा नं.८ | १९७५ | ६१८१ | | ८१५६ |
| १० | ८०१०३४०४२०९ | सूर्योदय नगरपालिकावडा नं.९ | १०७० | ६४३९ | | ७५०९ |
| ११ | ८०१०३४०४२१० | सूर्योदय नगरपालिकावडा नं.१० | १६८० | ६७५० | | ८४३० |

| क्र. सं. | वजेट उपशिर्षक नं |  | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १२ | ८०१०३४०४२११ | सूर्योदय नगरपालिकावडा नं.११ | १२२० | ६२२८ |  | ७४४८ |
| १३ | ८०१०३४०४२१२ | सूर्योदय नगरपालिकावडा नं.१२ | १३४९ | ५९७० |  | ७३१९ |
| १४ | ८०१०३४०४२१३ | सूर्योदय नगरपालिकावडा नं.१३ | १२८४ | ४९०० |  | ६१८४ |
| १५ | ८०१०३४०४२१४ | सूर्योदय नगरपालिकावडा नं.१४ | १५७५ | ९२७५ |  | १०८५० |
| १६ | ८०१०३४०४३०१ | सूर्योदय नगरपालिका - शिक्षा | २१३४७ | ८६०० |  | २९९४७ |
| १७ | ८०१०३४०४३०२ | सूर्योदय नगरपालिका - स्वास्थ्य | १५४२३ | ४३०० |  | १९७२३ |
| १८ | ८०१०३४०४३०३ | सूर्योदय नगरपालिका - कृषि | २१०६३ | १४७८५ |  | ३५८४८ |
| १९ | ८०१०३४०४३०४ | महिला वालवालिका समाजकल्याण तथा सामाजिक समावेशीकरण | १९६१५ | २५०० |  | २२११५ |
| २० | ८०१०३४०४३०६ | सूर्योदय नगरपालिका- अन्य पूर्वाधार | ६०० | २६९५९२ |  | २७०१९२ |
| २१ | ८०१०३४०४३०७ | सूर्योदय नगरपालिका- प्रवर्द्धनात्मक कार्य | ५३२०० | ८००० |  | ६१२०० |
| २२ | ८०१०३४०४५०२ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १४०६ | १२०००० |  | १२१४०६ |
| २३ | ८०१०३४०४५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ३१५४५६ | ३३४४४ |  | ३४८९०० |
| २४ | ८०१०३४०४५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) |  | १२००० |  | १२००० |
| २५ | ८०१०३४०४५२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) |  | १०००० |  | १०००० |
| **कूल जम्मा** |  |  | **५८५९०३** | **६०९०९७** | **०** | **११९५०००** |

जम्मा अख्तियारी रकम रु. १,१९,५०,००,०००।- अक्षरेपी एक अर्व उन्नाइस करोड पचास लाख मात्र

**अख्तियारीका विशेष निर्देशन तथा अन्य थप विषयहरु :**

१. स्वीकृत विनियोजन बमोजिमको रकम खर्च गर्दा सम्बन्धित खर्च शीर्षक र कृयाकलापगत विनियोजनको परिधिभित्र रही सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७७ को दफा ५(१) बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रकम खर्च गर्दा सम्बन्धित निकायबाट प्राप्त मार्गदर्शन बमोजिम खर्च गर्नु पर्नेछ । आर्थिक वर्षको अन्त सम्ममा खर्च नभई बाँकी रहेको सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता पठाउन पर्नेछ ।

३. खर्चको लेखांकन र एकिकृत प्रतिवेदनका लागि नेपाल सरकारबाट लागु गरिएको Sub-National Treasury Regulatory Application (SuTRA) कार्यान्वयनमा ल्याई सोही बमोजिम लेखांकन र प्रतिवेदन गर्नु पर्नेछ ।स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएका कार्यक्रम/कृयाकलाप नै कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गरिएको स्रोत स्वीकृत कार्यक्रमका लागि खर्च व्यहोरिने स्रोत मानिनेछ ।

४. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष अनुरुप राजश्व संकलन हुन नसक्ने देखिएमा नेपाल सरकारले वित्तीय समानिकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम सकंलित अनुपातमा पुनः अनुदान संसोधन गर्न सक्ने, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम समेत राजश्व संकलनको अनुपातमा कमी हुन सक्ने एवं नगरपालिकाको आन्तरिक राजश्व समेत लक्ष अनुरुप राजश्व संकलन नहुने सक्ने अवस्थालाई गम्भीरता पूर्वक दृष्टिगत गरी बजेट खर्च गर्दा नगद प्रवाहको अवस्थालाई ध्यानमा राखी कृयाकलाप/आयोजना/कार्यक्रमगत बाँडफाँड बमोजिमको रकम प्राथमिकताका आधारमा खर्च गर्नु पर्नेछ ।

५. विनियोजित रकम खर्च गर्दा, विनियोजित रकममा रकमान्तर एवं श्रोतान्तर गर्दा सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७७ मा भएका व्यवस्थाको पालना गर्नु पर्नेछ ।

६. स्थानीय तहको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने र महालेखा नियन्त्रक कार्यालयबाट आय र व्ययको एकिकृत आर्थिक विवरण तयार गर्नु पर्ने कानूनी व्यवस्था भएकोले महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा आय व्ययको विवरण तयार गर्नु पर्नेछ ।

७. वित्तीय अनुशासन

- आवधिक रुपमा वित्तीय तथा भौतिक प्रगति तयार गरी सार्वजनिक गर्ने तथा नगरपालिकाको वेवसाइट समेतमा राख्ने व्यवस्था मिलाउन पर्नेछ ।
- प्राप्त सबै आय स्थानीय तह राजश्व खाता मार्फत स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।
- जुन प्रयोजनको लागि रकम विनियोजन भएको हो सोही प्रयोजनको लागिमा रकम खर्च गर्नु पर्नेछ ।
- पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।
- आय व्ययको वर्गिकरण तथा लेखांकन प्रचलित संघीय कानूनले निर्धारण गरेबमोजिम राख्नु पर्नेछ ।
- आवधिक रुपमा आन्तरिक लेखापरीक्षण गराई वित्तीय अनुशासनलाई कायम राख्नु पर्नेछ ।

............................................
(रण बहादुर राई)

नगर प्रमुख

**वोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, काठमाण्डौ ।

श्री महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, १ नं. प्रदेश विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम ।

श्री प्रदेश लेखा इकाइ कार्यालय, इलाम।

श्री आर्थिक प्रशासन शाखा, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय इलाम ।

श्री आन्तरिक लेखापरीक्षण शाखा, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय इलाम ।